nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

20°C । वर्ष :११, अंक : ११३ पृष्ठ ४ । शुक्रबार ,११ पुस २०८२ । FRIDAY, DECEMBER 26, 2025 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## क्षेत्र र जिल्लाबाट छुटेका युवा नेता राकेश यादवलाई कांग्रेस मधेस प्रदेशको सिफारिस



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० पुस ।**

नेपाली कांग्रेस मधेस प्रदेश कार्यसमितिले पर्सा क्षेत्र नम्बर-२ बाट प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ उम्मेदवारका रूपमा युवा नेता राकेश यादवको नाम सिफारिस गरेको छ । यसअघि कांग्रेसको क्षेत्रीय तथा जिल्ला कार्यसमितिले यादवको नाम हटाउँदै पूर्वमन्त्री अजयकुमार चौरसिया, संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्य र मदन यादवको नाम मात्रै सिफारिस गरेको थियो । आफूलाई अन्यायपूर्वक हटाइएको भन्दै युवा नेता यादवले पुस ८ गते मधेस प्रदेश सभापति तथा मुख्यमन्त्री कृष्ण यादवलाई भेटेर उम्मेदवारी सिफारिसका लागि निवेदन दिएका थिए । उक्त निवेदनका आधारमा प्रदेश सभापति यादवले क्षेत्र र जिल्लाबाट छुट हुन गएको भन्दै पार्टी विधानअनुसार राकेश यादवको नाम पनि केन्द्रीय कार्यसमितिमा सिफारिस गरेका हुन् । प्रदेश कार्यसमितिले सिफारिस पत्र केन्द्रीय कार्यालयमा दर्ता गराइसकेको जानकारी स्वयं यादवले दिएका छन् । यादवका अनुसार क्षेत्र र जिल्लामा पुराना नेताहरूको दबाबका कारण आफ्नो नाम हटाइए पनि प्रदेश तहमा निवेदन दिएपछि न्याय भएको हो । उनले पार्टीको विधानअनुसार प्रदेश नेतृत्वले आफ्नो नाम सिफारिस गरेको बताए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यादवले गत मंसिर २२ गते ११ हजार रुपैयाँ दस्तुरसहित क्षेत्रीय कार्यसमितिमा आवेदन दिएका थिए । सुरुमा क्षेत्रीय समितिले चार जनाको नाम सिफारिस गरे पनि पछि यादवको नाम हटाएर तीन जनाको मात्रै जिल्ला कार्यसमितिमा पठाइएको थियो । त्यसपछि यादवले मंसिर २९ गते कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्रीलाई लिखित निवेदनसमेत दिएका थिए । तर जिल्ला कार्यसमितिले पनि यादवको नाम समावेश नगरी तीन जनाकै नाम प्रदेश समितिमा पठाएको थियो । पर्साको बहुदरमाई नगरपालिका-२ सिसियाडी बैरिया निवासी राकेश यादव नेविसंघका पूर्वसभापति हुन् । उनी वीरगन्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसका पूर्व स्ववियु सचिव तथा नेपाल तरुण दल पर्साका पूर्व जिल्ला सचिवसमेत रहिसकेका छन् ।

## पर्सामा ३ केजी १२० ग्राम गाँजासहित १ जना पक्राउ

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० पुस ।**



जिल्ला प्रहरी कार्यालय पर्साले ३ केजी १२० ग्राम लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पुस ९ गते दिउँसो करिब २:१५ बजे जगरनाथपुर गाउँपालिका-२ स्थित सडकखण्डमा इलाका प्रहरी कार्यालय जानकीटोलाबाट खटिएको टोलीले सवारी साधन चेकजाँचका क्रममा भारतीय नम्बरको मोटरसाइकलमा सवार एक युवकलाई नियन्त्रणमा लिएको हो । शरीर खानतलासीका क्रममा प्लास्टिकमा बेरिएको अवस्थामा लागूऔषध गाँजाजस्तो देखिने पदार्थ ३ किलो १२० ग्राम फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए । पक्राउ पर्ने युवक भारतको बिहार राज्य, पश्चिम चम्पारण जिल्ला अन्तर्गत नरकटिया वडा नम्बर-११ निवासी २६ वर्षीय सुमित कुमार रहेका छन् । प्रहरीले गाँजा र मोटरसाइकलसहित सुमित कुमारलाई नियन्त्रणमा लिएर लागूऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । साथै लागूऔषध ओसार पसार नियन्त्रणका लागि निगरानी तथा चेकजाँचलाई थप कडाइ गरिने प्रहरीले बताएको छ ।

## सामाजिक सञ्जालमा धार्मिक भावना आहत बनाएको आरोपमा कारबाहीको माग



**सप्तरी,१० पुस ।**

सामाजिक सञ्जालमार्फत हिन्दु धर्मावलम्बीहरूको धार्मिक भावना आहत पार्ने सामग्री प्रकाशित गरिएको आरोपमा राजविराज निवासी अफरोज आलमविरुद्ध कानुनी कारबाहीको माग गरिएको छ ।

बजरंग दल, हिन्दु सम्राट सेना तथा श्रीकृष्ण जन्माष्टमी रथयात्रा आयोजक समिति सप्तरीले बुधबार संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापनपत्र बुझाउँदै आवश्यक कारबाही अघि बढाउन आग्रह गरेका हुन् । ज्ञापनपत्रमा राजविराज नगरपालिका वडा नम्बर १, रहमतपुर टोलका अफरोज आलमले सामाजिक सञ्जालमा भगवान् श्रीकृष्णलाई लक्षित गरी आपत्तिजनक, अपमानजनक तथा घृणायुक्त अभिव्यक्ति सार्वजनिक गरेको आरोप लगाइएको छ। उक्त अभिव्यक्तिले हिन्दु समुदायको धार्मिक भावना गम्भीर रूपमा आहत भएको जनाइएको छ । राष्ट्रिय बजरंग दल सप्तरीका अध्यक्ष आकाश यादव (अमित), हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष सुरेन्द्र दास र श्रीकृष्ण जन्माष्टमी रथयात्रा आयोजक समिति सप्तरीका संयोजक अनिल यादवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भगवान् श्रीकृष्ण धर्म, मर्यादा, प्रेम र करुणाका प्रतीक भएको उल्लेख गर्दै यस्ता

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्साको पोखरियामा नयाँ लायन्स क्लब गठन, नेजामुद्दीन शमानी अध्यक्षमा चयन

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० पुस ।**

पर्साको पोखरियामा सामाजिक सेवा र विकासका लागि "लायन्स क्लब अफ पोखरिया" गठन भएको छ । क्लबले शिक्षा, स्वास्थ्य र अन्य सामाजिक क्षेत्रमा ग्रामीण भेगका नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्य राखेको छ ।

नवगठित क्लबको नेतृत्व नेजामुद्दीन शमानीले अध्यक्षको जिम्मेवारी सम्हालेका छन् । क्लबमा २० सदस्य रहेको छ, जसमा आशा कुमारी चौहान, तिलक नारायण प्रसाद पटेल, जावेद आलम, शोभा कुमारी कानु, जावेद अहमद, रिपेश माली, रामबाबु प्रसाद चौहान, अभिषेक कुमार सर्राफ, सन्तोष प्रसाद चौहान, सन्नी कुमार, विपिन प्रसाद कुर्मी, प्रिती साह, पवन पण्डित कुम्हाल, आरफा खातुन, अनुसखा गुप्ता,

बाँकी तेश्रो पृष्ठमा⇨

## लायन्स क्लब ग्रीन क्याम्पसले गऱ्यो वीरगन्ज कपडा बैंकलाई कपडा सहयोग




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० पुस ।**

लायन्स क्लब अफ वीरगन्ज ग्रीन क्याम्पसले सामाजिक उत्तरदायित्व अन्तर्गत वीरगन्ज कपडा बैंकलाई कपडा सहयोग गरेको छ । क्लबका डिष्ट्रिक्ट गभर्नर विनय बस्नेतले कपडा बैंकको कार्यालयमा पुगेर दुई बोरा कपडा बैंकका अध्यक्ष लालबाबु सिंहलाई हस्तान्तरण गरेका हुन् । सो अवसरमा विशिष्ट अतिथि प्रथम उप-डिष्ट्रिक्ट गभर्नर (१कत ख्म्न) रामबिहारी पाण्डेले समाजसेवामा सक्रिय योगदान पुऱ्याएको भन्दै कपडा बैंकका अध्यक्ष सिंहलाई लायन्स ब्याज प्रदान गरी सम्मान गरेका थिए । कार्यक्रममा सामुदायिक आँखा अस्पतालका सञ्चालक एवं नेत्ररोग विशेषज्ञ डा. महेश सिंह धामीसहित लायन्स क्लबका पूर्व डिष्ट्रिक्ट गभर्नर, डिष्ट्रिक्ट पदाधिकारी, एरिया, रिजन तथा जोन स्तरका अध्यक्षहरू तथा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै डिष्ट्रिक्ट गभर्नर बस्नेतले लायन्स क्लब, तिलगंगा आँखा अस्पताल तथा वीरगन्ज सामुदायिक आँखा अस्पतालको सहकार्यमा बारा-पर्साका ग्रामीण भेगमा सञ्चालन भइरहेका आँखा जाँच शिविरमार्फत पाँच हजार मोतियाबिन्दु शल्यक्रिया गर्ने लक्ष्यअनुसार हालसम्म तीन हजारभन्दा बढी शल्यक्रिया सफलतापूर्वक सम्पन्न भइसकेको जानकारी दिए । उनले आगलागी, बाढीपीडित, विपन्न तथा असहाय समुदायका लागि कपडा बैंकले घरदैलोमै पुगेर गर्दै आएको निस्वार्थ सेवाको प्रशंसा गर्दै आगामी दिनमा पनि लायन्स क्लबको निरन्तर साथ रहने प्रतिबद्धता व्यक्त गरे । विशिष्ट अतिथि रामबिहारी पाण्डेले "तपाईंको क्षमता अनुसार दिनुहोस्, आवश्यक परे निःशुल्क लिनुहोस्" भन्ने मानवीय भावनासहित कपडा बैंकले कोही पनि नाङ्गो नबसोस् भन्ने उद्देश्यका साथ सेवा गर्दै आएको उल्लेख गरे । उनले लायन्स क्लब देश-विदेशमा आपतविपतका समयमा पीडितको सेवामा अग्रपंक्तिमा रहँदै आएको बताउँदै मानवता मजबुत बनाउन सबै संघ-संस्थाले सहकार्य गर्नुपर्नेमा जोड दिए ।कपडा बैंकका अध्यक्ष लालबाबु सिंहले समाजसेवामा सक्रिय लायन्स क्लब परिवारप्रति आभार व्यक्त गर्दै पर्सा-बारा क्षेत्रमा सञ्चालन भइरहेका आँखा शिविरमार्फत हजारौं विपन्न नागरिकको जीवन उज्यालो बनाउने कार्य अत्यन्तै सराहनीय रहेको बताए ।

## बर्दिया राष्ट्रिय निकुञ्जमा पाँचौं बाघ गणना शुरु



**बर्दिया,१० पुस ।**

बर्दिया राष्ट्रिय निकुञ्जमा हिजोदेखि पाँचौं पटक बाघ गणना शुरू गरिएको छ । निकुञ्ज क्षेत्रभित्र क्यामरा ट्र्याप जडान गरेर गणना प्रक्रिया अघि बढाइएको वन तथा वातावरण मन्त्रालयका सचिव गोविन्द शर्माले जानकारी दिए ।

सचिव शर्माका अनुसार पछिल्ला वर्षहरूमा बर्दिया राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ । विगतको तुलनामा यहाँ बाघको सङ्ख्या करिब आठ गुणाले वृद्धि भएको तथ्याङ्कले देखाएको छ । उनले नेपालले एक दशकभित्र बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य लिएकोमा लक्ष्यभन्दा बढी उपलब्धि हासिल भएको बताए । तर बाघको सङ्ख्या बढेसँगै संरक्षण र व्यवस्थापनको चुनौती पनि बढ्दै गएको छ । बाघ गणना शुरू भएकै दिन हिजो बर्दियाको बारबर्दिया नगरपालिका-१० स्थित फेनापति सामुदायिक वनमा बाघको आक्रमणमा परेर पार्वती डाँगीको ज्यान गएको छ, जसले मानव-वन्यजन्तु द्वन्द्वको गम्भीरता देखाएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार हाल नेपालमा ३ सय ५५ वटा पाटेबाघ छन् । तीमध्ये बर्दिया राष्ट्रिय निकुञ्जमा मात्रै झन्डै १ सय २५ बाघ रहेको अनुमान गरिएको छ । पछिल्लो समयमा २१ वटा पाटेबाघ मरेको तथ्याङ्क छ । बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामका अनुसार बाढी-पहिरो, चोरी सिकारी, आपसी लडाइँ, रोग तथा अन्य प्राकृतिक कारणले निकुञ्ज र सामुदायिक वन क्षेत्रमा बाघको मृत्यु भएको हो । विशेषगरी वयस्क बाघहरूबीच क्षेत्राधिकारका लागि हुने प्रतिस्पर्धाका कारण आपसी द्वन्द्वमा मृत्यु हुने गरेको उनले बताए ।

## बीरगन्जमा सशस्त्र प्रहरीद्वारा ११ हजार ६८ पिस नाईट्राभेट ट्याब्लेट बरामद

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० पुस ।**

बीरगन्ज महानगरपालिका वडा नं. १६ इनर्वाबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागू औषध नाईट्राभेट ट्याब्लेट बरामद गरेको छ । इनर्वास्थित पोखरीको डिलमा बेवारिसे अवस्थामा राखिएको प्लाष्टिकको बोराभित्र ११ हजार ६८ पिस नाईट्राभेट ट्याब्लेट फेला परेको हो । सशस्त्र प्रहरी बल, सीमा सुरक्षा गुल्म, बीरगन्ज हेड क्वाटरबाट गएको टोलीले बिहीबार बिहान बोरामा रहेको ७ सय ३८ पत्तामा बाँधिएको ट्याब्लेट फेला पारेको थियो । यसबारे सशस्त्र प्रहरी नायब उपरीक्षक विश्वराज योञ्जनले जानकारी दिनुभयो । सशस्त्र प्रहरीको अनुमान अनुसार बरामद उक्त ट्याब्लेट भारतबाट तस्करी हुँदै गर्दा

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.

सम्पादक :- मनोज पटेल

कार्यकारी सम्पादक :- संतोष साह

सह-सम्पादक :- सरोज पटेल

सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल

मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com

Facebook: www .facebook .com/nepalpostdaily

सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# संघीयताले जनतालाई के दियो ?




**कृष्णध्वज बस्नेत**

३ असोज २०७२ को संविधानले नेपालमा संघीयताको व्यवस्था गरेको हो । २०७४ को आमनिर्वाचनपछि यो अभ्यासमा छ । संघीयतापछिका केही वर्षमा प्रदेशहरूमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सुशासन, महिला सशक्तीकरण तथा आर्थिक विकासका क्षेत्रमा उल्लेखनीय काम भएका छन् । परिवर्तन पनि देखापरेका छन् । लाभसँगै केही संरचनात्मक चुनौतीहरू पनि छन् । संघीयता लागू भएपछि मधेश प्रदेशमा स्थानीय तथा प्रदेश सरकारद्वारा विद्यालय तथा क्याम्पस विस्तार, कक्षाकोठा निर्माण र शिक्षक पदपूर्तिलाई प्राथमिकता दिएका कारण शैक्षिक पहुँच बढेको छ । 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रममार्फत महिला शिक्षामा सकारात्मक पहल भइरहेको छ । यद्यपि, प्रदेशको साक्षरता न्यून छ । मधेशमा आज पनि आधारभूत तहमा भर्ना दर उच्च रहे पनि माध्यमिक तहमा भर्ना र निरन्तरतामा चुनौती भने कायम नै छ । यस लेखमा केही प्रदेशलाई सन्दर्भमा राखेर उपलब्धिलाई केलाउने प्रयास गरिएको छ । त्यस्तै, नयाँ अस्पताल, मातृ-शिशु स्वास्थ्य कार्यक्रम, हवाई उद्धारजस्ता योजनाले स्वास्थ्य सेवा र पहुँच वृद्धि गरेको छ । पूर्वाधार विकासमा 'मधेशी सहिद राजमार्ग' लगायत सडक तथा ऊर्जा विस्तारबाट क्षेत्रीय 'कनेक्टिभिटी' बलियो बनाउन थालिएको छ । कृषि क्षेत्रमा सिँचाइ, कृषि सडक र 'एक परिवार-एक रोजगारी' जस्ता योजनाले उत्पादनमा सुधार ल्याउन सहयोग गरे पनि प्रविधि र बजार पहुँच अपूरो छ । अर्को प्रदेश गण्डकीले संघीयतापछि शिक्षा क्षेत्रमा नीतिगत सुधार गर्दै नयाँ शिक्षा नीति लागू गरेको छ । विद्यालय भर्नादर स्थिर रूपमा बढ्दै गएको र पोखरा विश्वविद्यालय लगायतका संस्थाहरूले उच्च शिक्षा सहज बनाउँदै गएका छन् । स्वास्थ्य क्षेत्रमा रेफरल अस्पताल, मातृ-शिशु कार्यक्रम र दूरदराजमा सामुदायिक स्वास्थ्य चौकी विस्तारले सेवा गुणस्तरीकरणमा सहयोग पुगेको छ । पूर्वाधार विकासमा पोखरा-भीमदत्त राजमार्ग, पर्यटकीय पूर्वाधार तथा ऊर्जा-खानेपानी विस्तार उल्लेख्य छन् । दलित अधिकार तथा सशक्तीकरण ऐन पारित गरिएकाले सामाजिक न्यायका क्षेत्रमा ठूलो कदम अघि बढेको छ । यस कानुनले आफ्नो प्रदेशमा बसोबास गर्ने महिला, जनजाति र दलित लक्षित योजनाले सामाजिक समावेशिता थप सशक्त बनाएको छ । कर्णाली प्रदेशमा संघीयतापछि विद्यालय, स्वास्थ्य चौकी तथा पूर्वाधार विस्तारमा उल्लेखनीय सुधार भएको छ । यद्यपि गुणस्तर र जनशक्ति व्यवस्थापन अझै चुनौतीपूर्ण छ । शिक्षक अभाव, कठिन भौगोलिक पहुँच र कमजोर शैक्षिक वातावरणका कारण विद्यालयमा गुणस्तरीय सुधार ढिलो गतिमा भइरहेको छ । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, मातृ-शिशु शिविर, प्रदेश अस्पताल स्तरोन्नति तथा जोखिमग्रस्त गर्भवतीका लागि हवाई उद्धार प्रभावकारी देखिन्छ । भूगोलका कारण कर्णालीमा पूर्वाधार विकास सुस्त छ, तर सौर्य ऊर्जा, साना जलविद्युत् तथा दुर्गम सडक विस्तारले बसोबासका क्षेत्रमा जीवनस्तर सुधारिएको छ । कृषि पशुपालनमा उच्च मूल्यका जडिबुटी, जैविक उत्पादन र सुक्खा-प्रतिरोधी बिउबिजन कार्यक्रम सशक्त रूपमा अगाडि बढिरहेका छन् । सुदूरपश्चिम प्रदेशले संघीयतापछि विद्यालय, क्याम्पस र सामुदायिक शिक्षालय विस्तारमा प्राथमिकता दिएको छ । स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पताल विस्तार, हृदय उपचार सुविधा, स्वास्थ्य बिमा कार्यक्रम र मातृ-शिशु पोषण परियोजनाले सेवा प्रवाहलाई बलियो बनाइरहेका छन् । पूर्वाधार विकासमा सडक विस्तार, खानेपानी योजना, सौर्य ऊर्जा तथा साना जलविद्युत् परियोजनाहरू प्रभावकारी देखिएको छ ।

महिला उद्यमशीलता, सीप तालिम, छात्रवृत्ति तथा आर्थिक सशक्तीकरण परियोजनाले महिला सहभागिता र अधिकार अभिवृद्धि गरिरहेका छन् । त्यसैगरी कृषि क्षेत्रमा 'एक गाउँ-एक उत्पादन' कार्यक्रम, बाली विविधीकरण र सहकारी प्रणाली विस्तारले उत्पादन वृद्धि सम्भव बनाएको छ । प्रदेशको आर्थिक संरचना सेवा क्षेत्र र कृषिमा आधारित छ तर पर्यटन, जलविद्युत् तथा साना उद्योगले नयाँ सम्भावना खोलिरहेका छन् । स्थानीय तहमा महिला समूह, विद्यालय, स्वास्थ्य विकास समिति तथा सर्वे प्रणालीमार्फत नागरिक सहभागिता सुदृढ हुँदै गएको महसुस गर्न सकिन्छ । निष्कर्षमा, संघीयताले राजधानी काठमाडौंभन्दा पर पनि नेपाल छ भन्ने आधार सिर्जना गरेको छ । संघीय प्रणालीले नेपालमा सेवा प्रवाह, समावेशिता, स्थानीय नेतृत्व र विकासका प्राथमिकतामा ऐतिहासिक रूपले परिवर्तन ल्याएको छ । आजभोलि केही राजनीतिक दल तथा स्वार्थकेन्द्रित समूहले संघीयता खारेज गर्नुपर्छ भन्ने विषयमा व्यापक चर्चा गरिरहेको देखिन्छ । ती तमाम केन्द्रीकृत मानसिकता भएका अवयवहरूले नेपालको दूरदराजमा पनि एउटा अब्बल र सबल नेतृत्व भए राज्यका निकायहरूले नागरिकको हितार्थ केन्द्रित काम गर्न सक्छ भन्ने मधेश, गण्डकी, कर्णाली र सुदूरपश्चिमले सिकाएको महत्त्वपूर्ण पाठलाई आत्मसात् गर्नुपर्ने देखिन्छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

# सम्पादकीय

## शीर्ष नेतृत्वसँग समझदारी

संवाद, सहमति र समझदारी लोकतान्त्रिक प्रणालीका सुन्दर प्रक्रिया हुन् । वार्ताबाटै सबै असमझदारी टुङ्गोमा पुग्ने विश्वासमा लोकतान्त्रिक पद्धति अगाडि बढेको हुन्छ । राजनीतिक प्रक्रिया कहिल्यै पनि तय गरेको बाटोमा मात्र भने अगाडि बढ्दैन । अनेक अवयव आउने गर्छन् । भदौ २३ र २४ गते नवपुस्ताको विद्रोह देशमा परिवर्तनका निम्ति ऐतिहासिक झड्का थियो । आमनागरिकमा सुशासनप्रतिको तीव्र चाहना नवपुस्ता अर्थात् जेनजीबाट विद्रोहका रूपमा प्रस्फुटन भयो । यसले मौजुदा सरकार विस्थापन गरी सुशासन र निर्वाचनको मार्गचित्रसहित नयाँ अन्तरिम सरकार बन्ने बन्यो । सरकारले प्राप्त कार्यादेशलाई प्रभावकारी तवरले अगाडि बढाइरहेको छ । निर्वाचनका सबै खालका तयारी अगाडि बढिरहेको छ तथापि फागुन २१ गते निर्वाचन हुने विषयमा आशङ्का नामेट भने भइसकेको छैन । अनेक खालका भ्रम र हल्लाले निर्वाचनको वातावरणमा तुवालो लगाउने कुचेष्टा भइरहेको छ । यसो हुनुमा मुख्य राजनीतिक दलका शीर्ष नेतृत्व र सरकारबिच संवादको अभावलाई समेत लिने गरिएको थियो । यो संवाद अभावको खाडल अब पुरिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मङ्गलबार सरकार र शीर्ष राजनीतिक नेतृत्वबिच बैठक राखेसँगै विश्वासको वातावरण बन्न थालेको छ । प्रधानमन्त्री सुशीला कार्कीसहित शीर्ष नेतृत्वको भेटवार्ता संवादको नयाँ आयाम सिर्जना गरेको छ । लोकतन्त्रिक प्रणालीमा हुने निर्वाचनमा राजनीतिक दल नै मुख्य खेलाडी हुने हुँदा यो संवादले अनुकूल वातावरण सिर्जना गर्ने विश्वास बढेको छ । जेनजी आन्दोलनपछि मुख्य राजनीतिक दलका शीर्ष नेतृत्वसँग सरकारको औपचारिक संवाद पहिलो परिघटना नै हो । भेटवार्तामा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' रहनुभएको छ । उहाँहरू तिनै जना मुख्य पार्टीका शीर्ष नेतृत्वका साथै शासनसत्तामा लामो अनुभवसहित पटक पटक कार्यकारी भूमिकामा रहनुभएका पूर्वप्रधानमन्त्री पनि हुनुहुन्छ । यसले जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकार सबैलाई समेटेर आगामी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वासिलो बनाउने दिशामा अग्रसर भएको सन्देश गएको छ । भेटवार्तामा फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन सम्पन्न गराउने अनुकूल वातावरण बनाउने समझदारी उच्च तहको नवीन आयाम हो । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने थप समझदारीसमेत बनेको छ । राष्ट्रपति पौडेलले सरकार प्रमुख र पूर्वकार्यकारी प्रमुखसँग देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिन चुनावको घोषणा भएको स्पष्ट पार्नुभयो । उहाँले यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु सबैको एक मात्र दायित्व भएको बताउनुभएको थियो । राष्ट्रपतिले भन्नुभए झैँ देशको वर्तमान जटिल अवस्थाको निकास निर्वाचनबाट मात्र सम्भव छ । निर्वाचनको विकल्प हुनै सक्दैन । फागुन २१ गते निर्वाचन नभए देश अस्थिरतामा जाने र त्यसमा निहित स्वार्थ पूरा गर्न कतिपयको स्वार्थ पनि हुन सक्छ । त्यस्तो चाहना राख्नेहरू नेपालको लोकतान्त्रिक प्रणालीले संस्थागत विकास गर्न नसकोस् भन्ने नै हुने छन् । त्यसैले जेनजी आन्दोलनले सिर्जना गरेको जनचाहना निर्वाचनबाट मात्रै संस्थागत गर्न सकिन्छ । यसको विकल्प खोज्नु कुनै पनि हालतमा उचित हुने छैन । प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दलले आन्तरिक तयारीलाई तीव्र पारिरहेको सन्दर्भमा निर्वाचनको माहोलमा प्रतिकूल असर पार्ने कुनै पनि कार्य मान्य हुँदैन । निर्वाचन आयोगले फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनका साथै आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका निम्ति पनि सँगसँगै तयारी तीव्र पारिसकेको छ । राष्ट्रिय सभा निर्वाचनका निम्ति जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गरिसकेको छ । यसै गरी प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि समानुपातिकतर्फको उम्मेदवारको बन्दसूचीको तयारीमा समेत राजनीतिक दल सक्रिय हुन थालेका छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रतिनिधि सभा निर्वाचनका लागि ९३ दलले समानुपातिक सूचीमा रहन निवेदन दिएका छन् । आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ सहभागी हुने राजनीतिक दलका निम्ति कार्यतालिका बनाइसकेको छ । दलले नयाँ प्रतिशतका आधारमा समावेशी समूह मिलाएर आगामी पुस १३ र १४ गते उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिसकेको छ । सरकार प्रमुख र मुख्य राजनीतिक दलको शीर्ष नेतृत्वबिच निर्वाचनको वातावरण बनाउँदै जाने समझदारीले निर्वाचनविरुद्धका भ्रम चिर्दै जाने विश्वास बढेको छ । निर्वाचनको सघन वातावरण बन्न थालेको सन्देश प्रवाह भएको छ ।शीर्ष नेतृत्वसँग समझदारी संवाद, सहमति र समझदारी लोकतान्त्रिक प्रणालीका सुन्दर प्रक्रिया हुन् । वार्ताबाटै सबै असमझदारी टुङ्गोमा पुग्ने विश्वासमा लोकतान्त्रिक पद्धति अगाडि बढेको हुन्छ ।

# सासू-बुहारीको जुहारीमा मग्न समाज

**सुशीला शर्मा**

हुन त यिनै हरिभजनमा पनि झुम्ने, सोह्रदिने लैंगिक हिंसाविरुद्धको र्‍यालीमा पनि जाने र विभिन्न घरेलु हिंसाको प्रताडना पनि सहने महिलाहरू हरिभजनबाट केही 'रिलिफ' हुन यस्ता आध्यात्मिक कार्यमा सरिक भइरहेको पाउँछौं । महिलाका यी धार्मिक जीवनशैली यतै छोडेर अब सांस्कृतिक जीवनशैलीका केही झाँकीबारे कुरा गरौं ।

हाम्रो विवाह संस्कृति भिन्न छ । युवतीहरू 'कन्यादान' गरिन्छन् र पुरुष साथीको घर जान्छन् । प्रायः समाजमा महिलाहरू विवाहपछि पुरुषको घर जाने चलनकै निरन्तरता छ । बेहुली भित्र्याउनुअघि सासूहरू, नातेदार र छरछिमेकी महिलालाई रत्यौली खेल्ने छुट पनि दिएको छ हाम्रो संस्कृतिले । यौन लक्षितलगायतका छेडखानी गरी नाचगानले माहोल गर्माएको हुन्छ । यौन सम्बन्ध महिला र पुरुषको अझ भनौं यौन साथीको र रजामन्दीको विषय हो । र, यो विषयलाई अश्लील या छेडखानी, लाजसरमका रूपमा नलिइने भएको भए सायद महिलाले 'रत्यौली' मार्फत मात्रै आफ्ना यौन चेतना उजागर गर्ने थिएनन् होला । एउटै मौका रत्यौलीको छुटको दिन पाएजस्तो गरेर घरमा भित्रिएको नयाँ महिलालाई हतोत्साहित गर्नु कदापि जायज होइन । अहिले टिकटकतिर भाइरल भइरहेको छ- सासूहरूको एउटा ग्याङ रत्यौलीमा 'बुहारीलाई छोराको एटीएममा हक जमाउन आई' भन्ने गीत गाइरहेका छन् भने जवाफी गीतका रूपमा अन्य युवतीले 'तिम्रो छोरालाई दाम्लोले बाँधेर राख' भन्दै छन् । रमिता त हेर्न लायकै छ । पितृसत्तात्मक अनि पुरुषप्रधान सामाजिक संरचना भएको हाम्रोजस्तो समाजमा महिलाले सासू भएपछि मात्रै बल्ल आफू पनि केही अनुभवी र घरको जेठोबाठो महिला हुँ कि भन्ने सोच्छन् ? शक्तिको चलखेल हुने संसारमा आफूले पनि आफ्नो पालामा अनेक हन्डर-ठक्कर खाँदै आएकाले नयाँ आउने बुहारी सदस्यमाथि 'यसलाई चाहिँ मलाईभन्दा चैन किन हुन दिने ?' भन्ने मनोवैज्ञानिक आरिस पनि हुन्छ कि ? सासूलाई डर हुन सक्छ- बुहारीले छोराको कमाइमा आक्रमण गर्ने होली भनेर । यदि सासू पनि आर्थिक रूपमा निर्भर भएको भए यस्ता कुराले उनलाई अवश्य पनि असर पर्ने थिएन । तर पढेलेखेका, स्वाभिमानी र आत्मनिर्भर महिला विवाह गरेर बराबरीको साझेदारीको जीवन बिताउन वैवाहिक जीवनमा प्रवेश गरेका हुन्छन् नकि जीवनसाथीको एटीएममा धावा बोल्न । सासूको परिवेश, उनले भोग्नुपरेका आर्थिक पराश्रयताले पनि उनलाई 'बुहारीले छोराको कमाइमाथि कब्जा जमाउलिन्' भन्ने डर हुने होला । जे भए पनि छोरा, बुहारी, सासू सबैले यो कुराचाहिँ बुझ्नु-बुझाउनुपर्छ कि विवाह संस्थामा प्रवेश गर्नु भनेको श्रीमान् र श्रीमतीको हरकार्यमा साझेदारी र स्वः अस्तित्व अनि आत्मसम्मान लिएर अघि बढ्नु हो । अझ महिलाको प्रजनन अधिकारका व्यक्तिगत निर्णयलाई पनि मान्यता दिएर चल्नु हो । समय बदलिएको छ । सय वर्ष अघिजस्तो अत्यन्तै पीडित हुनुपर्ने, बुहार्तन सहनुपर्ने अवस्थाबाट महिलाहरू अलि हल्का भएका छन् । महिला भएरै भोग्ने संरचनात्मक विभेद त अझै कैयौं रूपमा छँदै छ । शिक्षित, आत्मनिर्भर र सशक्त महिलाहरू सासू मात्रै होइन, कुनै पनि पारिवारिक सदस्यको करकाप र अन्याय सहेर बस्दैनन् । हामीले सासूलाई पीडक र बुहारी पीडितका रूपमा सुन्दै, कतिपय ठाउँमा देख्दै पनि आएका हौं । तिनै सासूले पनि आफ्ना पालामा एउटा 'अपरिचित' परिवारभित्र गएर अनेक पारिवारिक, शारीरिक, सामाजिक हन्डर-ठक्कर खाएर वर्षौंको घामपानी झेलिसकेर अर्को पुस्ता परिवारमा प्रवेश गर्दासम्म आफूलाई एक अनुभवी घरमूली ठान्न थाल्नु र नयाँ मान्छेसँग असुरक्षित महसुस गर्नु हाम्रोजस्तो समाजमा अस्वाभाविक होइन । घरको चार दिवार वरिपरि, हेरचाह र स्याहारसुसार अनि राखनधरन र जोडजाममै एउटा विशेषज्ञता जस्तो हासिल गरेका सासू खराब पात्र नै हुन् भन्ने कुरालाई पनि हामी झन्डै सामान्यीकरण गरिदिन्छौं । सासू, बुहारी, नन्द, आमाजू, देउरानी, जेठानी सबैको अस्तित्व छ । यी एकअर्कामा मिल्नैपर्ने या अनमेल हुनैपर्ने प्राणी होइनन् । यिनीहरूबीच अस्वस्थ र अमान्य खालका दोहोरी या जुहारीले पक्कै पनि महिलाको सशक्तीकरण र विद्वत्तामा ह्रास आउँछ नै । हाम्रो सामाजिक-सांस्कृतिक संरचनात्मक विभेद र शक्तिशालीले कमजोरलाई दबाउने प्रवृत्तिबारे चाहिँ महिलाबीच बहस हुनुपर्ने हो । र सासू र बुहारीमा को बढी पीडित ? परिवारैपिच्छे फरक अवस्था र परिस्थिति होला । यस्ता विषयमा महिला-महिला जुधेर बस्ने कि शक्ति सन्तुलन र सामाजिक सद्भाव कसरी कायम गर्ने भन्नेमा महिलाले पनि गम्भीर भएर सोच्ने ? महिलालाई कमजोर बनाउने खालका अनेक उखान-टुक्का त विद्यमान नै छन् । यी उखानको महिलाले नै पनि भरमार प्रयोग गरिरहेको पाइन्छ । महिला नै महिलाद्वेषी गीतमा मच्चिएर नाचिरहेकै हुन्छन् । महिलालक्षित महिलाकै मन दुखाउने खालका गाना-बजाना, अश्लील वक्तव्य, सायरी, उखान प्रयोग गर्न बन्द नगरेसम्म र महिला संवेदनशीलतालाई खलल पार्ने विभिन्न रीतिथिति हाम्रा संस्कृतिबाट नहटाएसम्म महिलाले महिलालाई नै हेप्ने, छेडखानी गर्ने वातावरण रही नै रहन्छ ।हाम्रो समाजमा एकदम थोरै मात्रै महिला आफ्नो चेतना धारिलो बनाउँदै बौद्धिक तवरले समाज र संस्कृतिमा भएका विकृति रूपान्तरणमा उदाहरणीय बनेर अगाडि बढेका छन् । यसमा राजनीतिक चेत भएका महिलाहरू पनि पर्छन् । साहित्य, राजनीतिलाई आलोचनात्मक ढंगले ग्रहण गर्दै

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## इयूद्वारा पाँच युरोपेली नागरिकमाथि लगाइएको अमेरिकी प्रतिबन्धको विरोध



*काठमाडौं,१० पुस ।*

युरोपेली सङ्घले पूर्व युरोपेली आयुक्त थियरी ब्रेटनसहित प्रविधि कम्पनीहरूलाई नियमन गर्न पाँच युरोपेलीमाथि लगाइएको अमेरिकी प्रतिबन्धको विरोध गरेको छ । अमेरिकी विदेश मन्त्रालयले मंगलबार प्रविधि क्षेत्रमा काम गर्ने ब्रेटन र अन्य चार व्यक्तिलाई भिसा अस्वीकार गर्ने घोषणा गरेको छ । उनीहरूले अमेरिकी सामाजिक मिडिया प्लेटफर्महरूको विरोध गर्ने दृष्टिकोणलाई नियन्त्रण गर्न 'जबर जस्ती' गर्न खोजेको आरोप लगाए ।' हामीले अमेरिकी अधिकारीहरूसँग स्पष्टीकरण मागेका छौं र यस मुद्दामा नियमित लागिपरेका छौं । आवश्यक भएमा हामी अनुचित उपायविरुद्ध हाम्रो नियामक स्वायत्तताको रक्षा गर्न द्रुत र निर्णायक रूपमा प्रतिक्रिया दिनेछौं,' आयोगको एक विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा भनिएको छ, 'हाम्रो डिजिटल नियमहरूले सबै कम्पनीहरूको लागि सुरक्षित, निष्पक्ष र समान स्थान सुनिश्चित गर्छ, साथै, यो निष्पक्ष र भेदभावबिना लागू हुन्छ ।'

'अभिव्यक्ति स्वतन्त्रता युरोपको मौलिक अधिकार हो र लोकतान्त्रिक संसारमा संयुक्त राज्य अमेरिकासँग साझा र प्रमुख मूल्य हो,' आयोगले भनेको छ ।

'इयू एक खुला, नियममा आधारित एकल बजार हो, जसमा हाम्रो लोकतान्त्रिक मूल्य र अन्तर ाष्ट्रिय प्रतिबद्धताहरू अनुरूप आर्थिक गतिविधिलाई नियमन गर्ने सार्वभौम अधिकार छ,' आयोगले भनेको छ ।

## सन् २०२५ : भारत-चीन प्रतिस्पर्धाले आकार लिएको विश्व रुपान्तरणको वर्ष



*काठमाडौं,१० पुस ।*

आगामी साता सन् २०२५ विश्वबाट बिदा हुँदैछ । यो विश्व इतिहासमा निर्णायक वर्षका रूपमा स्मरणीय रहने छ ।

यो वर्षले विश्व राजनीतिमा शक्ति सन्तुलनको पुनर्संरचना, युद्ध र शान्तिको द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु संकट, प्रविधिगत परिवर्तन र सामाजिक रूपान्तरणलाई एकैसाथ उजागर गरेको छ । भारत र चीनजस्ता एसियाली महाशक्तिदेखि अमेरिका, युरोप, मध्यपूर्व र अफ्रिकासम्मका घटनाहरूले विश्वलाई कुनै न कुनै रूपमा प्रभावित पारे । यी परिवर्तनहरूको केन्द्रविन्दु विशेष रूपमा भारत र चीनको उदय, प्रतिस्पर्धा र रणनीतिक चालहरू नै देखियो । सन् २०२५ ले २१औँ शताब्दीको विश्व राजनीति अब केवल पश्चिमा शक्तिहरूको प्रभावमा सीमित नरहेको स्पष्ट गर्‍यो । भारत र चीन दुवैले आफ्नो आर्थिक क्षमता, जनसाङ्ख्यिकीय शक्ति, प्रविधि र कूटनीतिक पहुँचमार्फत विश्व व्यवस्थामा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन् । यही कारणले २०२५ लाई भारत-चीन केन्द्रित विश्व रूपान्तरणको वर्षका रूपमा पनि बुझ्न सकिन्छ । भारतका लागि २०२५ आत्मविश्वास र आकाङ्क्षाको वर्ष रह्यो । सन् २०२४ को निर्वाचनपछि स्थिर सरकार बनेसँगै भारतले आर्थिक विस्तार, पूर्वाधार विकास र रक्षा आत्मनिर्भरतालाई तीव्र गतिमा अघि बढायो । उत्पादनमा आधारित अर्थतन्त्र, सेमिकन्डक्टर उद्योग, हरित ऊर्जा र डिजिटल प्रविधिमा भएको लगानीले भारतलाई दीर्घकालीन विश्व शक्ति बन्ने दिशामा उन्मुख गरायो । अन्तरिक्ष, रक्षा र प्रविधिमा भारतको बढ्दो उपस्थिति केवल आर्थिक उपलब्धि मात्र नभई रणनीतिक सन्देश पनि प्रवाह गर्न नयाँदिल्ली सफल रह्यो । विदेश नीतिमा भारतले आफूलाई विश्वव्यापी दक्षिणको प्रतिनिधि र सेतुका रूपमा प्रस्तुत गर्ने प्रयास गर्‍यो भने अमेरिका, जापान, अस्ट्रेलिया र युरोपसँगको सहकार्य सघन भयो । एसिया-प्रशान्त क्षेत्रमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम गर्ने रक्षासम्बन्धी भारत, अमेरिका, जापान र अस्ट्रेलियाबीचको रणनीतिक साझेदारी क्वाडमार्फत यो क्षेत्रमा चीनको प्रभाव सन्तुलन गर्ने रणनीति अघि सारियो । यद्यपि, भारतले चीनसँगको प्रतिस्पर्धालाई पूर्ण टकरावमा रूपान्तरण हुन नदिने सावधानी पनि अपनायो । वास्तविक नियन्त्रण रेखामा सैन्य सतर्कता उच्च रह्यो, तर संवादका ढोका बन्द भएनन्, जसले एसियाको राजनीतिक स्थायित्व र शान्ति सुव्यवस्था कायम गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । दुई देशबीचको द्वन्द्व मत्थर भयो । चीनका लागि सन् २०२५ आत्ममूल्यांकन र पुनर्संरचनाको वर्ष बन्यो । दशकौँको तीव्र आर्थिक वृद्धिपछि चीन सुस्त अर्थतन्त्र, रियल इस्टेट सङ्कट र युवामाझ बढ्दो बेरोजगारीजस्ता चुनौतीको सामना गरिरहेको थियो । यस्ता अवस्थाबीच चीनले घरेलु बजार सुदृढीकरण, प्रविधिमा आत्मनिर्भरता र राज्य-केन्द्रित विकास मोडेललाई थप बलियो बनायो । कृत्रिम बौद्धिकता, उच्च प्रविधिका सामग्री उत्पादन र सैन्य आधुनिकीकरणमा चीनको लगानी निरन्तर रह्यो जसले बेइजिङलाई विश्वका अग्रणी मुलुकको सूचीमा स्थापित गरायो । राजनीतिक रूपमा चिनियाँ कम्युनिस्ट पार्टीको नियन्त्रण अझ कडा देखियो । स्थायित्व र राष्ट्रिय एकताको नाममा निगरानी बढाइयो जसले सामाजिक असन्तोषलाई दबाउने काम गर्‍यो ।

ताइवान प्रश्न चीनको सबैभन्दा संवेदनशील रणनीतिक मुद्दा रह्यो । ताइवान वरिपरि सैन्य अभ्यास र कूटनीतिक दबाबले अमेरिका र उसका सहयोगीसँग सम्बन्धलाई तनावपूर्ण बनायो जसले सम्पूर्ण एसियाली क्षेत्रको सुरक्षा समीकरणमा असर पार्‍यो । जापान र चीनबीच ताइवानलाई लिएर निकै तनाव भयो ।

## लिबियाली दुर्घटनाग्रस्त विमानको ब्ल्याक बक्स भेटियो

*काठमाडौं,१० पुस ।*

लिबियाको सशस्त्र बलका प्रमुख र उनका चार सहयोगीसहित केही व्यक्ति चढेको दुर्घटनाग्रस्त एक निजी जेटबाट बुधबार 'ककपिट भ्वाइस रेकर्डर' र 'ब्ल्याक बक्स' फेला परेको टर्कीका अधिकारीले बताएका छन् ।

टर्कीको राजधानी अङ्काराबाट उडेको केही मिनेटपछि नै फाल्कन ५० विमानमा विद्युतीय खराबीका कारण आपतकालीन अवतरणका लागि अनुरोध गरिएको टर्कीका अधिकारीहरुले बताएका छन् । विमान त्रिपोली फर्किरहेको थियो । टर्कीका सुरक्षाकर्मीले अंकारा नजिकै हेमाना जिल्लामा उक्त भग्नावशेष फेला पारेका हुन् । दुर्घटनास्थलमा सञ्चारकर्मीहरू जानकारी दिँदै गृहमन्त्री अली येर्लिकायाले विमानको भ्वाइस रेकर्डर र ब्ल्याक बक्स भेटिएको र यस उपकरणको परीक्षण र मूल्याङ्कन प्रक्रिया सुरु भइसकेको बताए ।

टर्कीका यातायात मन्त्री अब्दुलकादिर उरालोग्लुले एक्समा जारी एक विज्ञप्तिमा भनेका छन्, "विमान दुर्घटनाको कारण पत्ता लगाउन 'भ्वाइस रेकर्डर' र 'फ्लाइट डाटा रेकर्डर'को विश्लेषणका लागि ती उपकरणलाई तटस्थ देशमा पठाइनेछ । उनले भने, "यी निष्कर्षहरू पूर्ण पारदर्शिताका साथ टर्की, लिबियालगायत सम्पूर्ण विश्वमाझ साझा गरिनेछ ।"लेफ्टिनेन्ट जनरल मोहम्मद अल-हद्दाद अन्य चार सहयोगीसहित टर्कीका सैनिक अधिकारीसँग अंकारामा वार्ता गरी त्रिपोली फर्किरहेका थिए । विमानमा चालक दलका तीन सदस्यसहित आठ जना सवार थिए ।

### संघीयताले जनता...........

संघीयता खारेज गर्ने बहसले पुनः शक्ति केन्द्रमा फर्किन्छ । नागरिकले राज्यबाट प्राप्त गर्ने सेवासुविधाको पहुँचमा कमी हुन्छ र स्थानीय जनभावनाको प्रतिनिधित्वलाई कमजोर पारिन्छ । हामीले बुझ्नुपर्ने कुरा के हो भने प्रदेश र स्थानीय तहहरूको भौगोलिक र सामाजिक विविधता नै संघीयताको सबलता हो । जनताको अधिकार प्रदेश र स्थानीय तहमा सुरक्षित रहनु नै लोकतन्त्रको वास्तविक आधार हो । आजको बहस व्यवस्था परिवर्तनमा केन्द्रित नभई अवस्था परिवर्तनको बहसमा केन्द्रित हुनुपर्छ ।साभार ईकान्तिपुर ।

### सासू-बुहारीका..........

आफ्ना धारणा र व्यवहारमै परिवर्तन ल्याएर रोल मोडेल बनेका महिला हाम्रै समाजमा छन् । त आधुनिक किशोरकिशोरी एकातिर अंग्रेजी गीत गुनगुनाउँदै, अंग्रेजी लवजमै बात मार्ने पनि भइसकेका छन् । तर, जब अनेक थरी चाडबाड, विवाह, भोजभतेर, पार्टीका कुरा आउँछन् ती अवस्थामा भने अनेक थरीका शृंगार-प्रसाधन र विधि-विधानलाई नै मान्यता दिँदै आडम्बरी संस्कृतिमाथि टेवा पुऱ्याइरहेकै हुन्छन् । नवपुस्ताका सचेत युवतीले हामी सहभागी भइरहेका अनेक खालका भद्दा संस्कृतिलाई परिवर्तन गर्नेबारे पनि उत्तिकै चनाखो हुनुपर्ने देखिन्छ । अलिकति व्यक्तिगत स्वतन्त्रताबारे चाहिँ चाल पाउने तर समग्रमा महिलाका समस्या के-के हुन् ? के-कस्ता सामाजिक, सांस्कृतिक मूल्य मान्यताले महिलालाई पछाडि धकेलिरहेको छ भन्नेमा चाहिँ अनदेखा गर्नु महिलाका अग्रगामी यात्रा होइनन् । एकातिर हामी महिलावादको र महिलाको रूपान्तरणको कुरा पनि गरिरहेका छौं । महिलावादले न्यायिक समाजको कल्पना गर्छ, पुरुष-महिलाको स्वअस्तित्वको कुरा गर्छ, पितृसत्ता र पुरुषवादी हैकमको विरोध गर्छ । न्यायिकता परिवारदेखि नै सुरु हुन्छ । शक्तिको खेलको कुरा नै गर्ने हो भने शक्तिशाली र व्यक्तिवादी बुहारीले नै पनि कमजोर लाग्ने सासूलाई हेप्ने, दबाउने गर्न सक्छन् । साभार ईकान्तिपुर ।

### उखु खरिदमा सिन्डिकेट...

दाबी गर्नुभयो । तर किसानहरूले भने खुला बजारको व्यवस्था, जिल्लाबन्दीको अन्त्य र अनुदानको तत्काल भुक्तानी नै आफ्ना मुख्य माग भएको स्पष्ट पारेका छन् । रौतहटमा एक मात्र चिनी मिल सञ्चालनमा रहेकाले आफूहरू एउटै विकल्पमा सीमित हुनुपरेको र यसले व्यापारिक स्वतन्त्रता कुण्ठित भएको किसानहरूको आरोप छ । असन्तुष्ट किसानहरूले बाबा बैजुनाथ मिललाई उखु बिक्री नगर्ने र काटिएको उखु खेतमै राख्ने निर्णयसमेत गरेका छन् ।

### भारतीय नागरिक......

पनि गरिएको छ । अनुसन्धान पूरा भएपछि मात्रै विस्तृत विवरण सार्वजनिक गरिने छ ।

### ५ सय र १ हजार.......

जोड दिँदै उनले निष्पक्ष छानबिन र कडा कारबाही आवश्यक रहेको बताए । उनले भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने र दोषी ठहरिएमा कडा सजायको व्यवस्था हुनुपर्ने धारणा पनि व्यक्त गरे । महासचिव चन्दले वर्तमान सरकारले निष्पक्ष र प्रभावकारी रूपमा निर्वाचन गराउन नसक्ने दाबी गर्दै प्रहरी र कर्मचारीको मनोबल कमजोर भएको अवस्थामा सर्वपक्षीय सरकार गठन गर्नु आजको आवश्यकता भएको बताए । उनले पार्टीको तर्फबाट चार मुख्य प्रस्ताव अघि सारेका छन्—सर्वपक्षीय सरकार गठन, भ्रष्टाचारसम्बन्धी उच्चस्तरीय छानबिन आयोग, अन्तिम फैसला गर्ने उच्चस्तरीय न्यायालयको स्थापना, र कालोधन नियन्त्रणका लागि नोटबन्दी ।

### पर्साको पोखरियामा...

प्रतिभा थापा, अलिराज हुसेन, मनिर आलम र अजाद देवान सदस्य रहेका छन् । लायन्स क्लबको गठन समारोहमा डिष्ट्रिक्ट गभर्नर विनय बस्नेत, डिष्ट्रिक्ट सचिव सर्जन चापागाईं, डिष्ट्रिक्ट कोषाध्यक्ष चन्द्रबहादुर केसी, डा. 'मनोज गुप्ता, डा. लक्ष्मी थापा, नरोत्तम पाण्डेय लगायतको उपस्थिती रहेको थियो । क्लबले आगामी दिनमा स्थानीय समुदायमा स्वास्थ्य शिविर, शिक्षा कार्यक्रम र सामाजिक सेवा कार्यमार्फत योगदान पुऱ्याउने योजना बनाएको जनाएको छ ।

### सामाजिक सञ्जाल.....

टिप्पणीले समाजमा धार्मिक सद् भाव बिगार्ने खतरा रहेको भनिएको छ । नेपालको संविधान, प्रचलित कानुन तथा फौजदारी ऐनअनुसार धार्मिक भावना आहत पार्ने र घृणा फैलाउने कार्य दण्डनीय अपराध हुने उल्लेख गर्दै ज्ञापनपत्रमा सम्बन्धित व्यक्तिमाथि कानुनी प्रक्रिया अघि बढाउन माग गरिएको छ ।

### बीरगञ्जमा सशस्त्र....

सुरक्षाकर्मीको उपस्थिति देखेपछि फालिएको हुनसक्ने सम्भावना छ । बरामद नाईट्राभेट ट्याब्लेट आवश्यक कारबाहीका लागि प्रहरी चौकी ईनर्वामा बुझाइएको छ ।

# स्वास्थ्य

## जथाभावी आकस्मिक गर्भनिरोधक औषधिले महिलामा स्वास्थ्य जोखिम



आकस्मिक गर्भनिरोधक चक्कीको प्रयोग असुरक्षित यौन सम्पर्क हुँदा वा परिवार नियोजनको अस्थायी साधनको असफलतापछि अनावश्यक गर्भ रोक्ने सुरक्षित र सरल तरिका हो । यद्यपि यो चक्की नियमित रुपमा भने सेवन गर्न मिल्दैन । त्यसैले त यसलाई आकस्मिक चक्की भनिएको हो ।

यसको दीर्घकालीन व्यवस्थापनका लागि गर्भनिरोधक चक्की अर्थात् बर्थ कन्ट्रोल पिल्स उपयोगी हुन्छ । तर चिकित्सकको सल्लाह र परामर्श विना जथाभावी पिल्सको प्रयोग गर्ने क्रम बढेको चिकित्सकहरू बताउँछन् । आकस्मिक गर्भनिरोधक औषधिको धेरै मात्रामा सेवन गरेका कारण महिनावारीमा गडबडी भएर अस्पताल आउनेको संख्या बढेको स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. बालकृष्ण साह बताउँछन् । 'यो औषधिको सेवन आपतकालीन अवस्थामा प्रयोग गर्न बनाइएको हो,' उनले भने, 'यसको बढी सेवनले महिलाको स्वास्थ्यमा नकारात्मक समस्या निम्तिन सक्छ ।'आकस्मिक गर्भनिरोधक चक्की असुरक्षित यौन सम्पर्क भएको अवस्थामा मात्रै प्रयोग गर्ने साधन भएको उनले स्पष्ट पारे ।

तर यसको दुरुपयोग बढेको छ । 'धेरैजसोले यसलाई नै परिवार नियोजनको अस्थायी साधन जसरी प्रयोग गरिरहेका छन्,' डा. साह भन्छन्, 'आकस्मिक गर्भनिरोधक साधन हर्मोनल औषधि हो, महिलाले एक महिनामा धेरै पटक यसको प्रयोग गर्दा स्वास्थ्यमा असर पर्छ ।'

यसले डिम्बाशयबाट निस्कने डिम्बलाई रोक्न सक्छ । डिम्बलाई शुक्रकीटसँग मिलेर भ्रूण बनाउन रोक्न सक्छ । साथै बनिसकेको भ्रूणलाई पाठेघरमा टाँसिन र भ्रूणलाई बढ् नबाट रोक्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. सचिनकुमार यादव बताउँछन् ।

**प्रभावकारिता कम हुने अवस्था**

डिम्ब गर्भाशयमा जोडिसकेको छ भने आकस्मिक गर्भनिरोधक चक्कीले काम गर्दैन । त्यसैले शारीरिक सम्पर्क भएको कति घण्टाभित्र यसलाई प्रयोग गरे यो प्रभावकारी हुन्छ भन्ने थाहा पाउनु आवश्यक हुने डा. यादव बताउँछन् । 'असुरक्षित सम्पर्क भएको छ र गर्भवती हुन चाहनुहुन्न भने चाँडोभन्दा चाँडो आकस्मिक गर्भ निरोधक चक्की प्रयोग गर्नुपर्छ,' उनी भन्छन्, 'सम्पर्क भएको ७२ घण्टाभित्र यो चक्की खाइसक्नुपर्छ । नत्र यसको प्रभावकारिता कम हुन्छ ।'

**यस्ता स्वास्थ्य समस्या देखिनसक्छ**

आकस्मिक गर्भनिरोधक चक्की हर्मोनकै औषधि भएकाले यसले हर्मोन गडबडी वा महिनावारी अनियमित गराउन सक्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. साधना शाह बताउँछिन् ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

## उखु खरिदमा सिन्डिकेटको आरोप: मधेसका किसान आन्दोलनमा उत्रिने चेतावनी



**रौतहट,१० पुस ।**

मधेस प्रदेशका उखु किसानहरूले चिनी उद्योगहरूले उखु खरिदमा सिन्डिकेट लगाएको आरोप लगाउँदै विरोध आन्दोलन गर्ने चेतावनी दिएका छन् । रौतहट, बारा, पर्सा र सर्लाहीका चिनी मिलहरूले आपसी सहमतिमा आफ्नो-आफ्नो जिल्लाभित्रको उखु मात्र खरिद गर्ने निर्णय गरेर किसानलाई अन्याय गरेको किसानहरूको गुनासो छ । उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवले जिल्लाबन्दीका कारण किसानहरू गम्भीर समस्यामा परेको बताउनुभयो । किसानका लागि खुला बजार आवश्यक रहेको उल्लेख गर्दै उहाँले एक जिल्लाबाट अर्को जिल्लामा उखु बेच्न नपाउने व्यवस्था सरासर अन्यायपूर्ण भएको धारणा राख्नुभयो । “अन्नदाता किसानको पीडा अब बेवास्ता गर्न मिल्दैन,” यादवले भन्नुभयो, “किसानले आफ्नो उत्पादनको मूल्य जहाँ बढी पाउँछ, त्यहीँ बेच्न पाउने अधिकार सुनिश्चित हुनुपर्छ ।” उहाँले उखु किसानमाथि लगाइएको कथित जिल्लाबन्दी तत्काल खारेज गर्न माग गर्नुभयो । किसानहरूले सरकारद्वारा घोषणा गरिएको प्रति क्विन्टल ३५ रुपैयाँ अनुदान तत्काल किसानको खातामा जम्मा गर्न पनि माग गरेका छन् । अनुदानलाई आश्वासनमै सीमित नराखी बिना बहाना तुरुन्त भुक्तानी गर्नुपर्ने यादवको जोड थियो । नवगठित उखु उत्पादक किसान संघर्ष समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद यादवले सिन्डिकेटका कारण किसानले अन्य जिल्लाका चिनी मिलमा उखु बेच्ने स्वतन्त्रता गुमाएको भन्दै चरणबद्ध आन्दोलनको तयारी भइरहेको जानकारी दिनुभयो । यता रौतहटमा सञ्चालनमा रहेको बाबा बैजुनाथ सुगर मिलका सञ्चालक बैजु बाबराले सिन्डिकेटको आरोप निराधार भएको दाबी गर्नुभयो । उहाँका अनुसार जिल्लामै रहेको मिलमा उखु ढुवानी गर्दा लागत कम लाग्ने भएकाले किसानलाई नै फाइदा हुने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । बाबराले उन्नत जातको उखु बिउमा अनुदान दिइएको र प्रति कट्ठा १० हजार रुपैयाँ सहयोग गरिएको उल्लेख गर्दै मिल र किसान दुवैलाई फाइदा पुग्ने प्रणाली अपनाउन खोजिएको

बाँकी तेश्रो पृष्ठमा⇨

## शिक्षामा लगानी बढाउनु जरुरी छ : प्रधानमन्त्री कार्की



**काठमाडौं,१० पुस ।**

प्रधानमन्त्री सुशीला कार्कीले नेपालको समग्र विकासका लागि शिक्षामा लगानी बढाउनु अपरिहार्य रहेको बताउनुभएको छ । त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहलाई बिहीबार सम्बोधन गर्दै उहाँले उच्च शिक्षामा देखिएको दलीय राजनीतिकरण अन्त्य गर्न जरुरी रहेकोमा जोड दिनुभयो ।प्रधानमन्त्री कार्कीले विश्वविद्यालयलाई प्राज्ञिक बहस, अनुसन्धान र ज्ञान उत्पादनको केन्द्रका रूपमा विकास गर्न सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । शैक्षिक प्रशासनमा हुने अनावश्यक दलीय हस्तक्षेपका कारण नेपालको उच्च शिक्षा प्रणाली निरन्तर कमजोर बन्दै गएको उहाँको भनाइ थियो । उहाँले प्रधानमन्त्री नै विश्वविद्यालयको कुलपति हुने वर्तमान व्यवस्थामा सुधार आवश्यक रहेको उल्लेख गर्दै यस विषयमा परामर्श र गृहकार्य अघि बढिरहेको जानकारी दिनुभयो । वर्तमान आवश्यकतालाई ध्यानमा राखेर संरचनागत सुधार गरिनुपर्ने उहाँको धारणा थियो । “नेपालमा शिक्षामा लगानी बढाउनुपर्ने आवश्यकता छ । साथै विश्वविद्यालयमा देखिँदै आएको दलीय राजनीतिकरण अन्त्य गरी तिनलाई प्राज्ञिक बहसको थलो बनाउन सबैको प्रयास आवश्यक छ,” प्रधानमन्त्री कार्कीले भन्नुभयो । प्रधानमन्त्रीले उच्च शिक्षाका लागि ठूलो संख्यामा विद्यार्थी विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न स्वदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँका अनुसार शिक्षामा पर्याप्त लगानी र सुधारले देशभित्रै प्रतिस्पर्धी उच्च शिक्षा प्रणाली निर्माण गर्न सकिनेछ ।

## भारतीय नागरिकलाई नेपाली नागरिकता दिलाएको आरोपमा महोत्तरी प्रशासनका कर्मचारी नियन्त्रणमा

**जनकपुर,१० पुस ।**

भारतीय नागरिकलाई नेपाली नागरिकता दिलाएको आरोपमा महोत्तरीको इलाका प्रशासन कार्यालय रामगोपालपुरका एक कर्मचारी नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान सुरु गरेको छ । इलाका प्रशासन कार्यालयका सहयोगी कृष्ण मण्डलमाथि सरकारी कागजात, सरकारी छाप, किर्ते दस्तखत र होलोग्रामको दुरुपयोग गरी भारतीय नागरिकलाई नेपाली नागरिकता बनाएको आशंकामा अनुसन्धान भइरहेको जिल्ला प्रहरी महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले बताए । विशेष सूचनाको आधारमा मण्डललाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको हो । पक्राउपछि अर्का कार्यालय सहयोगी फरार भएका छन् । प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवका अनुसार, इलाका प्रशासन रामगोपालपुरबाट २०७६ मा वितरण भएका नागरिकतामा त्रुटि देखिएपछि अनुसन्धान सुरु गरिएको थियो । गृह मन्त्रालयले २०८२ असोज ३० गते यसबारे जानकारी दिएपछि थप अनुसन्धान अघि बढाइएको उनले बताए । अनुसन्धानमा संलग्न कर्मचारीहरूले बताए अनुसार, कीर्ते नागरिकताप्राप्त भारतीय नागरिकहरू नेपाली राहदानी लिएर विदेशमा रहेका छन् । नागरिकता वितरणको क्रममा सम्बन्धित कर्मचारीहरूले ठूलो रकम संकलन गरेको आशंका

बाँकी तेश्रो पृष्ठमा⇨

## चुनावपछि अर्थतन्त्र स्थिरता र गतिमा फर्किन्छ : अर्थमन्त्री खनाल



**जनकपुर,१० पुस ।**

नेपाल सरकारका अर्थमन्त्री डा. रामेश्वर खनालले फागुन २१ गते हुने निर्वाचनपछि देशको अर्थतन्त्र पूर्ण रूपमा लयमा फर्किने विश्वास व्यक्त गर्नुभएको छ । लहानस्थित रामकुमार शारडा-उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा बोल्दै उहाँले वर्तमान सरकारले चुनाव सम्पन्न गराउने प्रमुख जिम्मेवारीका कारण अपेक्षित आर्थिक सुधार गर्न नसके पनि सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भएर काम गरिरहेको बताउनुभयो । अर्थमन्त्री खनालका अनुसार विनियोजित बजेट कार्यान्वयनको चरणमा पुगेको छ र अर्थतन्त्रलाई पुनः गतिशील बनाउने प्रक्रिया सुरु भइसकेको छ । “चुनावपछि अर्थतन्त्र पूर्ण रूपमा लयमा फर्किनेछ,” उहाँले भन्नुभयो । देशको अर्थतन्त्र सबल बनाउन विधिको शासन, प्रणालीगत सुधार र व्यवहारमा परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै उहाँले जेनजी आन्दोलनबाट उठेका मागलाई संस्थागत गर्न परिवर्तनकारी शक्तिको नेतृत्वमा सरकार गठन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । आफू राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका क्रममा लहान क्षेत्रको सामाजिक परिवेशसँग परिचित रहेको स्मरण गर्दै मन्त्री खनालले ४७ वर्षसम्म रजिस्ट्रेशन हुन नसकेको अस्पतालको जग्गा जेनजी आन्दोलनपछि बनेको सरकारले ४७ दिनमै समाधान गरेको उल्लेख गर्नुभयो । दाता परिवार मुरारका र शारडाको चाहना पूरा गर्न युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको महत्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभयो । अस्पतालको थप विकासका लागि विनियोजित बजेटबाट थप रकम दिन कानुनी प्रावधान नहुने भए पनि स्वास्थ्य मन्त्रालय र मधेश प्रदेश सरकारको बजेटबाट ट्रमा सेन्टर सञ्चालनका लागि पहल गरिने विश्वास अर्थमन्त्रीले व्यक्त गर्नुभयो । कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनसंख्याको अनुपातमा बजेट नपुगेका कारण शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रमा चाहेजति काम गर्न नसकिएको बताउनुभयो । दाता परिवारका प्रतिनिधि मुरारीलाल मुरारका र पवनकुमार शारडाले वर्तमान सरकारले ४७ वर्षदेखिको समस्या समाधान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । जिल्ला उद्योग वाणिज्य संघ सिरहाका लहान अध्यक्ष विकास शारडाले उद्योगी-व्यवसायीलाई लगानीमैत्री वातावरण र सुरक्षाको व्यवस्था गर्न माग गर्दै ज्ञापनपत्र बुझाउनुभयो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रञ्जितकुमार झाले दैनिक चार सयभन्दा बढी बिरामीले सेवा लिने अस्पतालमा भौतिक सुधार र दक्ष चिकित्सकको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री जङ्गीलाल राय, प्रदेशसभा सदस्यहरू, स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो । कार्यक्रम अस्पताल विकास समितिका अध्यक्ष रामनारायण मेहताको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## एलिजा गौतम जनादेश पार्टी परित्याग गरी आजपाको उपाध्यक्ष




**काठमाडौं,१० पुस ।**

जनादेश पार्टीकी संस्थापक सदस्य एलिजा गौतमले एक महिनामै पार्टी छोड्दै प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) मा प्रवेश गरेकी छन् । आजपामा उनले उपाध्यक्षको जिम्मेवारी पाएकी छन् । पत्रकार ऋषि धमला पत्नी एलिजाले फेसबुकमार्फत जानकारी दिँदै लेखेकी छन्, “म एलिजा गौतमलाई यस पार्टीमा उपाध्यक्षको रूपमा स्वागत गर्नु भएकोमा आम जनता पार्टीका अध्यक्ष आदरणीय प्रभु साहलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।” एलिजा गौतम अधिवक्ता रमणकुमार कर्णको अध्यक्षतामा गठन भएको जनादेश पार्टीको केन्द्रीय सदस्य थिइन् । २५ कात्तिकमा निर्वाचन आयोगमा दल दर्ता गर्दा उनी सहभागी भएकी थिइन् । तर बुधबार उनी आजपामा प्रवेश गर्दै नयाँ पार्टीको सबल र जनप्रिय बनाउन आफ्ना एजेण्डा सार्वजनिक गरेकी छन् । उनका एजेण्डा अनुसार, उनी देशको विकास, भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रवर्द्धन, पीडितको न्याय सुनिश्चित, महिला सशक्तिकरण र मजदुरको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गरेकी छन् । एलिजाले व्यक्तिगत स्वार्थभन्दा माथि राष्ट्रको हितलाई राखेर अघि बढ्ने बताएकी छन् ।

## नेपालको समृद्धिको साँचो युवाको हातमा : शिक्षामन्त्री पुन



**काठमाडौं,१० पुस ।**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले युवाले आर्जन गरेको ज्ञान र सीपलाई सेवा, उद्यम र अर्थतन्त्रको विकासमा उपयोग गर्न आग्रह गर्नुभएको छ । उहाँका अनुसार नेपालको समृद्धिको आधार युवा शक्ति नै हो र त्यसलाई उत्पादनशील क्षेत्रमा जोड्न सकिए मात्र देशले दिगो प्रगति हासिल गर्न सक्छ । दशरथ रंगशालामा आयोजित त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै मन्त्री पुनले ज्ञानले अहंकार होइन, सेवाभावको विकास गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले शिक्षाबाट उद्यमशीलता र रोजगारी सिर्जनाको बाटो खुल्नुपर्नेमा जोड दिनुभयो ।

## ५ सय र १ हजारको नोट खारेज गर्नुपर्छ: महासचिव चन्द



**काठमाडौं,१० पुस ।**

नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्दले कालोधन नियन्त्रण र भ्रष्टाचार अन्त्यका लागि ५ सय र १ हजार रुपैयाँका नोटमा प्रतिबन्ध लगाउनुपर्ने बताएका छन् । बिहीबारदेखि सुरु भएको पार्टीको केन्द्रीय समिति बैठकमा उनले कालो धनलाई जनताको बीचमा स्वीकृत हुने गरी ल्याउन नोटबन्दी आवश्यक रहेको धारणा राखेका हुन् । चन्दका अनुसार हाल प्रचलनमा रहेका ५ सय र १ हजारका नोट खारेज गरी त्यसको सट्टामा २ सय, ४ सय र २ हजार रुपैयाँका नयाँ नोट प्रचलनमा ल्याउन सकिन्छ । यसले कालोधनलाई वैध प्रणालीमा ल्याउन सहयोग पुग्ने उनको भनाइ छ । भ्रष्टाचार नियन्त्रणका लागि उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्नेमा

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा